## मानिसहरूलाई दर्शनमा आमन्त्रित गर्नु:

सेवकाईमा, तपाईंलाई कहिल्यै पनि एक्लै कुनै काम गर्न भनिएको वा बोलाइएको हुँदैन। वास्तवमा, जब तपाईं एक्लै केही गर्न खोज्नुहुन्छ तब यो मूर्खतापूर्ण र धेरै कम उत्पादक हुन्छ। तपाईंलाई झुण्ड निर्माण गर्न बोलाइएको छ। तपाईंलाई दर्शनमा मानिसहरूलाई भर्ना र आमन्त्रित गर्न बोलाइएको छ। तर तपाईंले त्यो कसरी गर्नुहुन्छ भन्ने कुरा महत्त्वपूर्ण छ। खम्बा पाठ्यक्रममा, एउटा महत्त्वपूर्ण विषय भनेको दर्शनमा सहभागी हुने मानिसहरूलाई आमन्त्रित गर्ने येशूको नमुनालाई पछ्याउनु हो। र येशूको उदाहरण हाम्रो लागि मत्ती ४:१८ मा दिइएको छ, जहाँ यसो भनिएको छ, “येशू गालील समुद्रको छेउमा हिँड्‌दै हुनुहुन्थ्यो, उहाँले दुई दाजुभाइलाई देख्नुभयो।“

सिमोनले पत्रुस र तिनका भाइ अन्द्रियासलाई बोलाए। तिनीहरू समुद्रमा जाल हान्दै थिए, किनकि तिनीहरू मछुवा थिए। येशूले भन्नुभयो, “मेरो पछि लाग, र म तिमीहरूलाई मानिसहरूको मछुवा तुल्याउनेछु। तिनीहरूले आफ्नो जालहरू छोडेर उहाँको पछि लागे।” अब सरसरती हेर्दा यो अति नै साधारण कथा जस्तो लाग्न सक्छ। तर जब तपाईं यसलाई ध्यानपूर्वक हेर्नुहुन्छ, तपाईं येशूको नमुनामा मानिसहरूलाई दर्शनमा आमन्त्रित गर्ने गहन सिद्धान्त रहेको महसुस गर्नुहुन्छ, जुन हामी प्रायः पछ्याउँदैनौं। तपाईंले देख्नुहुन्छ,उहाँ केवल स्वयंसेवकहरू भर्ती गरिरहनुभएको छैन।

स्पष्ट रूपमा उहाँले तिनीहरूलाई तिनीहरूका कथामा आमन्त्रित गर्दै हुनुहुन्छ। उहाँले तिनीहरूलाई देख्नुहुन्छ। तिनीहरू को हुन् भनी उहाँ जान्नुहुन्छ। उहाँले तिनीहरूलाई उहाँसँग सहभागी हुन आमन्त्रित गर्नुहुन्छ र उहाँले तिनीहरूलाई तिनीहरूको भविष्यको बारेमा थोरै कुरा बताउनुहुन्छ। उहाँसँग यो व्यक्तिगत निमन्त्रणा छ। यदि हामी इमानदार छौं भने, हामी प्रायः भीडको अगाडि, कति पटक मण्डलीको अगाडि उभिएर मानिसहरूलाई दर्शनमा आमन्त्रित गर्छौं, र हामी केवल यो ठूलो बोलावट दिन्छौं। येशूले समुद्रको बालुवामा हिँडदै, “कोही मेरो पछि लाग्न चाहन्छ भने मेरो साथमा आऊ” भन्नुभएन। उहाँ विशेष रूपले व्यक्तिगत रूपमा मानिसहरूकहाँ जानुभयो र तिनीहरूलाई निमन्त्रणा दिनुभयो।

म तपाईंसँग त्यो व्यक्तिगत निमन्त्रणाको शक्तिको विषयमा कुरा गर्न चाहन्छु, जसले तपाईंलाई यस्ता मानिसहरूद्वारा घेर्दछ,जसले आउने वर्षहरूमा तपाईंसँग मिलेर परमेश्वरको राज्यका लागि महान् कामहरू गर्नेछन्। हामी मानिसहरूलाई झुण्डको रूपमा मात्र होइन तर व्यक्तिगत रूपमा आमन्त्रित गर्न बोलाइएका छौं। म विमानमा थिएँ र त्यो विमानले उनीहरूको सेवामा कसरी सुधार गर्न सकिन्छ भने सर्वेक्षण फारम दिइरहेको थियो। यदि तिनीहरूले माइकबाट “सुन्नुहोस्, सर्वेक्षणमा रुचि राख्ने जो कोही, हामी चाहन्छौं तपाईंले सर्वेक्षण फारम भरिदिनुहोस्” भनेका भए त्यो फारम भर्न म कहिल्यै हात उठाउने थिइनँ। मैले मेरो हेडफोन लगाएको थिएँ। म एउटा पुस्तक पढदैथिएँ, तर म सधैं त्यो विमानद्वारा उडने गर्छु। त्यसको मुख्य हस्टेस मकहाँ आइन् र भनिन्, “श्रीमान होम, हामीसँग उडान गर्नुभएकोमा धन्यवाद। हामी तपाईंको व्यवसायको साँच्चै कदर गर्छौं। हामीसँग एउटा सर्वेक्षण फारम छ। के तपाईं यो भर्न मन पराउनुहुन्छ ताकि हामी तपाईंलाई राम्रो सेवा दिन सकौं?” अवश्य, मैले मेरो हेडफोन निकालेँ र त्यो सर्वेक्षण फारम भरेँ। यो व्यक्तिगत निमन्त्रणाको शक्ति थियो जसले फरक पार्‍यो। येशूले यहाँ ठीक त्यस्तै गर्नुहुन्छ। उहाँले यी मानिसहरूलाई तिनीहरूका बोलावटको आधारमा, तिनीहरूको आ-आफ्नै कथाको आधारमा व्यक्तिगत निमन्त्रणा दिनुहुन्छ। पछि एउटा कथा छ जहाँ पत्रुस आफ्नो सबैभन्दा निराश अवस्थामा पुग्छन् र तिनी भन्छन्, “येशू, मबाट टाढा जानुहोस्।” येशूले तिनलाई उठाउनुहुन्छ र भन्नुहुन्छ, “म तिमीलाई चुनौं। म तिमीलाई चुन्छु।”

व्यक्तिगत निमन्त्रणाको शक्ति भनेको ती मानिसहरूका लागि त्यो कुरामा विश्वास गर्नु हो जुन तिनीहरू आफैले विश्वास गर्न सक्दैनन्। तपाईं तिनीहरूमा केही कुरा देख्नुहुन्छ र परमेश्वरले तपाईंलाई तिनीहरूतिर आकर्षित गर्दै हुनुहुन्छ। यो तिनीहरूको वरदान र तिनीहरूको व्यक्तित्व र तिनीहरूका विशेषताहरू हुन्। त्यहाँ एक ईश्वरीय क्षण चलिरहेको हुन्छ, जस्तै यहाँ जे भइरहेको छ ठीक त्यस्तै, तपाईं तिनीहरूलाई देख्नुहुन्छ, तिनीहरूसँग कुराकानी गर्नुहुन्छ र तपाईं तिनीहरूका भविष्यको चित्र कोर्नुहुन्छ। तपाईं तिनीहरूलाई दर्शनमा आमन्त्रित गर्दै हुनुहुन्छ, किनकि तपाईं तिनीहरूले दर्शनका निम्ति के गर्नेछन् भन्ने कुरामा जति रुचि राख्नुहुन्छ त्यत्ति नै रुचि तिनीहरूमा राख्नेछन्।

व्यक्तिगत निमन्त्रणाको शक्ति भनेको मानिसहरूलाई सेवा मात्र गराउनुभन्दा बढी तिनीहरूको कथामा तिनीहरूलाई आमन्त्रित गर्नु हो। सबैजना आफ्नो जीवन महत्त्व होस् भन्ने चाहन्छन्। सबैजना भिन्नता ल्याउन चाहन्छन्। एक अगुवाको रूपमा, जब तपाईंसँग व्यक्तिगत निमन्त्रणा दिने यो शक्ति हुन्छ, तब तपाईं मानिसहरूलाई त्यो मौकामा आमन्त्रित गरिरहनुभएको हुन्छ जहाँ तिनीहरूको जीवनले भिन्नता ल्याउन सक्छ।

येशू र पत्रुस बीचको सम्बन्धमा धेरै कथाहरू छन्, जहाँ पत्रुस असफल भए र तिनले गल्ती गरे, तर येशूले कहिल्यै पनि तिनको साथ छोड्नुभएन, किनकि उहाँले तिनीहरूलाई पत्रुस को बन्न सक्छन् भन्ने व्यक्तिगत निमन्त्रणा दिनुभएको थियो। यो व्यक्तिगत निमन्त्रणाको शक्ति भन्ने कुरा तपाईंले सुरुमा तिनीहरूलाई झुण्डमा भर्ना गर्नका लागि गर्नुहुने काम मात्र होइन। यसमा तपाईं त्यो निमन्त्रणालाई कसरी थामेर राख्नुहुन्छ र तिनीहरूसँगै बढनुहुन्छ भन्ने कुरा पनि हुन्छ। त्यसमा निरन्तर बढदैजाने व्यक्तिगत निमन्त्रणा हुन्छ, जहाँ तिनीहरूले आफ्नो आवश्यकता भएको र तपाईंसँग सहभागी हुन बोलाइएको महसुस गर्छन्। जब तपाईं मानिसहरूलाई व्यक्तिगत रूपमा आमन्त्रित गर्नुहुन्छ, तब व्यक्तिगत निमन्त्रणाको शक्ति वास्तवमा एउटा संस्थाका निम्ति होइन,तर कुनै उद्देश्यका निम्ति आमन्त्रित गर्ने हुन्छ। हो, तिनीहरू तपाईंको संस्था वा तपाईंको सेवकाईमा सामेल हुनेछन्। यदि तपाईंले कुनै विभाग चलाउनुभयो भने तिनीहरू तपाईंको कार्यक्रममा सामेल हुन सक्छन्।

तर येशूले पत्रुसलाई दिनुभएको व्यक्तिगत निमन्त्रणाको शक्ति तिनलाई एउटा उद्देश्यमा, परमेश्वरको राज्यको हिस्सा बन्न आमन्त्रित गर्नुथियो। उहाँले विशेष गरी यसो भन्नुभयो, "म तिमीहरूलाई मानिसहरूका मछुवा तुल्याउनेछु। म तिमीहरूलाई मानिसहरूसम्म पुग्ने सेवकाईमा आमन्त्रित गर्दैछु।" उहाँले पछि भन्नुभयो, "पत्रुस, म तिमीमाथि, तिमीमाथि नै मेरो मण्डली स्थापित गर्न सक्छु। पावल, तिमीलाई अन्यजातिहरूकहाँ पठाउनेछु।" एक अगुवाको रूपमा, व्यक्तिगत निमन्त्रणाको शक्ति भनेको मानिसहरूलाई एउटा उद्देश्यमा आमन्त्रित गर्नु हो। म यो कुरा यसरी तपाईंलाई बुझाउन चाहन्छु। जब तपाईं आफ्नो सेवकाई र आफ्नो सेवकाईका कार्यक्रमहरूको बारेमा सोच्नुहुन्छ, प्रायः हामी मानिसहरूलाई कार्यक्रममा उनीहरूको भूमिकाको आधारमा स्वयंसेवा गर्न आमन्त्रित गर्छौं। मैले त्यसो गर्नु गलत हो भनेको होइन, तर यदि हामी त्यस्तो निमन्त्रणा मात्र दिन्छौं भने हामी तिनीहरूलाई कुनै उद्देश्यमा आमन्त्रित गरिरहेका हुँदैनौं। हामी तिनीहरूलाई एउटा कार्यक्रममा आमन्त्रित गरिरहेका हुन्छौं।

यदि मैले मानिसहरूलाई,"तपाईं यो सेवकाईमा के गर्नुहुन्छ?" भनी सोधेँ भने, तिनीहरूले मलाई कार्यक्रममा उनीहरूले गर्ने काम बताउनेछन्।

येशूले मत्तीको पुस्तकमा पत्रुसलाई कुनै कार्यक्रममा आमन्त्रित गर्नुभएन। उहाँले तिनलाई एउटा उद्देश्यमा आमन्त्रित गर्नुभयो। "म तिमीहरूलाई मानिसहरूको मछुवा तुल्याउनेछु। म तिमीहरूलाई परिवर्तन गर्नेछु र तिमीहरूसँग यो उद्देश्य हुनेछ।" म तपाईंलाई एउटा प्रश्न सोध्न चाहन्छु। यस्तो कुनै समस्या छ जुन समाधान

गर्न तपाईंको सेवकाई अस्तित्वमा छ? यदि तपाईंको सेवकाईले समाधान गर्नुपर्ने कुनै समस्या त्यहाँ छैन भने तपाईंको सेवकाईको कुनै उद्देश्य छैन।
त्यहाँ समस्या हुन सक्छ। ख्रीष्टियन आमाबुबाहरू नभएका परिवारहरूमा छोराछोरीले ख्रीष्टलाई चिन्दैनन्, त्यसैले हाम्रो सेवकाई ती छोराछोरीहरूका निम्ति अस्तित्वमा छ। त्यहाँ समस्या हुन सक्छ। यस गाउँमा कुनै मण्डली छैन, र हामी यहाँ एउटा मण्डली स्थापना गर्दैछौं, र हाम्रो सेवकाई त्यो गाउँका लागि अवस्थित छ।

तपाईंले मौजुदा त्यो समस्यालाई परिभाषित (स्पष्ट पार्न) गर्न सक्नुपर्छ, जसको निम्ति तपाईंको सेवकाई अस्तित्वमा छ। जब तपाईं त्यो समस्या परिभाषित गर्नुहुन्छ, तब तपाईंले त्यसलाई मानिसहरूद्वारा परिभाषित गर्नुपर्छ, किनकि उद्देश्य सधैं मानिसहरूमा केन्द्रित हुन्छ, संस्थाहरूमा होइन। अब जब तपाईंले, "यहाँ मानिसहरूको समस्या छ जुन समाधान गर्न हाम्रो सेवकाई छ," भनी जान्नुहुन्छ, तब तपाईं मानिसहरूलाई त्यो उद्देश्य र मानिसहरूको त्यो समस्यामा आमन्त्रित गरिरहनुभएको हुन्छ। येशूले पत्रुससँग त्यसै गर्नुहुन्छ। उहाँले भन्नुहुन्छ, "पत्रुस, हामीसँग एउटा समस्या छ।

त्यहाँ मानिसहरू छन् जसले सुसमाचार जान्दैनन्। हामी ती मानिसहरूले परिभाषित गरेको समस्याको कारण अस्तित्वमा छौं। म तिमीलाई केवल एउटा कार्यक्रममा होइन, यस उद्देश्यमा आमन्त्रित गर्दैछु।" त्यसैले जब हामी व्यक्तिगत निमन्त्रणाको शक्ति प्रयोग गर्छौं, तब हामी तिनीहरूलाई त्यस्तै देख्नेछौं जस्तो येशूले तिनीहरूलाई देख्नुहुन्छ। तिनीहरू को हुन् भन्ने हामीलाई थाहा हुन्छ। तिनीहरूले आफ्नो क्षमता दानको रूपमा दिइरहेका हुन्छन्।

हामी तिनीहरूसँग व्यक्तिगत रूपमा कुराकानी गर्छौं र तिनीहरूलाई यस उद्देश्यमा आमन्त्रित गर्छौं। र जब हामी यो निमन्त्रणाको शक्ति प्रयोग गर्छौं, तब येशूको नमुनालाई पछ्याउन जारी राख्नु महत्त्वपूर्ण हुन्छ, तपाईंले तिनीहरूलाई केवल एक कदम चाल्न आमन्त्रित गर्नुहोस्। येशूले यति मात्र भन्नुहुन्छ, "मेरो पछि लाग।" धेरै पटक जब हामी मानिसहरूलाई आमन्त्रित गर्छौं, हामी तिनीहरूलाई यति लामो श्रम गर्न आमन्त्रित गर्छौं कि तिनीहरूलाई त्यो बुझ्न गाह्रो हुन्छ। अनि व्यक्तिगत निमन्त्रणाको जवाफ दिनु भनेको विश्वासको कार्य हो।

येशूले यति मात्र भन्नुहुन्छ, "मेरो पछि लाग।" उहाँले यसो भन्नुहुन्न, "तिमीलाई थाहा छ के? तिमी आफ्नो विश्वासका लागि मर्नेछौ। तिमीलाई थाहा छ के? तिमी यति अलमल्लमा पर्नेछौ। तिमी पक्राउ पर्नेछौ। तिमीलाई कोर्रा लगाइनेछ।" उहाँले तिनीहरूमध्ये कसैलाई पनि यो कुरा भन्नुहुन्न, किनकि उहाँ जान्नुहुन्थ्यो, कि व्यक्तिगत निमन्त्रणाको शक्ति सुरुमा तिनीहरूलाई एक कदम चाल्नका निम्ति आमन्त्रित गर्नु हो। "ए पत्रुस, तिमी मेरो चेला बन।" त्यसपछि उहाँले तिनलाई प्रेरित र मण्डलीमा अगुवा बन्न आमन्त्रित गर्नुहुनेछ। फेरि उहाँले तिनलाई शहीद हुन आमन्त्रित गर्नुहुनेछ।
हामी प्रायः यो गल्ती गर्छौं, जब हामी मानिसहरूलाई यो दर्शनमा आमन्त्रित गर्छौं त्यस बेला हामी उनीहरूलाई धेरैवटा जानकारी दिन्छौं। पहिलो कदम के हो? त्यो यही कि, व्यक्तिगत निमन्त्रणाको शक्तिले मानिसहरूलाई विश्वासमा कदम चाल्ने अनुमति दिनेछ, किनकि तपाईंले उनीहरूलाई व्यक्तिगत रूपमा आमन्त्रित गर्नुभएको हुन्छ?

तपाईं देख्नुहुन्छ, सेवकाई एउटा छिटोछिटो दौडने दौड होइन। तर यो लामो दौड (म्याराथन) पनि होइन।

म सेवकाईलाई अवरोधको पाठ्यक्रम भन्छु। यस दौडका विभिन्न चरणहरू छन्। पहिलो चरण सामान्यतया एक सजिलो सुरुवात हो। त्यसपछि तपाईं भित्तामा ठोक्किनुहुनेछ। त्यसपछि तपाईं सिमानामा पुग्नुहुन्छ। तर त्यो पहिलो चरणमा हामी तिनीहरूलाई सुरु गर्न आमन्त्रित गरिरहेका हुन्छौं। हामी तिनीहरूको समय बुझ्न सक्छौं र हामी निमन्त्रणा दिन सक्छौं। जब हामी निमन्त्रणा दिन्छौं, हामीले बुझ्नुपर्छ कि हामीले तिनीहरूलाई त्यसमा पाइला चाल्ने सही मौका दिनुपर्छ। कहिलेकहीँ तिनीहरूमा विश्वासको ठूलो खाँचो भएको बेला निमन्त्रणा दिन्छौं, तिनीहरू

यो काम गर्न सक्षम हुँदैनन्। कहिलेकहीं तिनीहरूमा कुनै विश्वास नहुँदा हामी निमन्त्रणा दिन्छौं, अनि तिनीहरूले यो गर्न त सक्छन्, तर तिनीहरू वास्तवमा नेतृत्वमा बढिरहेका हुँदैनन्। जसरी येशूले पत्रुस कहाँ छन् भनी बुझ्नुभयो, त्यसरी हामीले तिनीहरू कहाँ छन् भनेर बुझ्नुपर्छ।

अनि हामी "आऊ, मेरो पछि लाग" भन्ने व्यक्तिगत निमन्त्रणा दिन्छौं जुन तिनीहरूले गर्न सक्छन्, र तिनीहरूले आफ्ना जालहरू छोड्छन् र तिनीहरूलाई पछ्याउँछन्। त्यो बेला तिनीहरूले त्यसो गर्न सक्थे। तिनीहरू येशूका लागि मर्न सक्दैनथे। तिनीहरूसँग विश्वास थिएन। त्यो बेला तिनीहरूले सुसमाचार प्रचार गर्न सक्दैनथे। तिनीहरूमा समझ थिएन। तर तिनीहरूले विश्वासको एउटा काम गर्न सक्थे।

तिनीहरूले उहाँलाई पछ्याउन सक्थे। अनि व्यक्तिगत निमन्त्रणाको शक्ति भनेको कसैले गर्न सक्ने विश्वासको सुरुको कार्य के हो भनेर बुझ्नु हो। मैले हाम्रो मण्डलीको पास्टरी कार्य गरेको बेला कुनै कारणवश मण्डलीमा आउन नसक्ने मानिसहरूलाई ल्याउन एउटा गाडी राख्ने हाम्रो इच्छा थियो, तर हामीसँग त्यो काम गर्न सक्ने कुनै अगुवा थिएन। तर त्यहाँ एक जना व्यक्ति थियो जो हाम्रो मण्डलीमा आउँथ्यो, तर ऊ महिनामा एक वा दुई हप्ता मात्र आउँथ्यो, निरन्तर आउँदैनथ्यो। त्यस्तो प्रकारको व्यक्तिलाई एक पास्टरले वास्तवमा त्यति धेरै कदर गर्दैनन्। तर मेरो मण्डलीमा मेरो अर्को एक जना अगुवा थियो जसले व्यक्तिगत निमन्त्रणाको शक्ति के हो भनी बुझेका थिए। उनी त्यो व्यक्तिकहाँ गए, र भने, "सुन्नुहोस्, मलाई थाहा छ, तपाईं गाडी हाँकेर मण्डलीमा आउनुहुन्छ र तपाईं त्यसरी आउनुहुँदा त्यहाँ वृद्ध महिलाहरू बस्ने घरको बाटा भएर आउनुहुन्छ। उनीहरू गाडी हाँक्न सक्दैनन्। हिंड्न पनि सक्दैनन्। उनीहरू बसगाडी समात्न सक्दैनन्। के तपाईं त्यहाँ रोकिन मन पराउनुहुन्छ? आइतबार-आइतबार मात्र तपाईं यहाँ मण्डलीमा आउन चाहने दुई वृद्धा महिलालाई लिएर आउन सक्नुहुन्थ्यो कि!" त्यो व्यक्तिले भन्यो, "म त्यो गर्न सक्छु।" यो विश्वासको पहिलो कार्य थियो। "म त्यो गर्न सक्छु।" त्यसैले त्यो व्यक्तिले त्यो काम गर्न थाल्यो। ऊ महिनामा एक पटक रोकिन्थ्यो र यी दुई महिलालाई उठाउँथ्यो र उनीहरू उसको गाडीको पछाडि बसेर मण्डली जान्थे, र मण्डलीको सेवा सकिएपछि उसले उनीहरूलाई फिर्ता लैजान्थे। अनि महिनौंसम्म यस्तो हुँदै जाँदा, ती दुई महिलाले त्यस व्यक्तिसँग कुराकानी गर्न थाले। उनीहरूले भन्थे, "हामीलाई मण्डलीमा नियमित रूपमा जान मन पर्छ।"

त्यसपछि त्यो व्यक्तिले हार मान्यो र उसले यी दुई महिलालाई लिएर नियमित मण्डलीमा आउन थाल्यो। परमेश्वरले काम गर्दै हुनुहुन्थ्यो। त्यसको चार वर्षपछि त मण्डलीको यातायात सेवकाई शुरु भयो। त्यहाँ दश वटा बसगाडी छ जसले हरेक आइतबार ४०० मानिसलाई मण्डलीमा ल्याउने-लैजाने गर्छ। के तपाईंलाई थाहा छ सम्पूर्ण यातायात सेवकाईको अगुवा को हो? त्यही व्यक्ति हो। उसले आफ्नो गाडीको पछाडि सीटमा महिलाहरूलाई राखेर ल्याउन थालेदेखि आफू ख्रीष्टको नजिकमा बढ्नु पर्ने आवश्यकता बुझ्यो।

तर सुरुमा उसलाई अगि बढन, विश्वासको एक कदम अगाडि बढाउनका निम्ति व्यक्तिगत निमन्त्रणाको शक्ति चाहिएको थियो यदि हामी सुरुमा यो व्यक्तिकहाँ गएर, "के तपाईं यातायात सेवकाईको नेतृत्व गर्नुहुन्छ?"भनेका भए उसले यो गर्न सक्ने कुनै सम्भावना थिएन।

व्यक्तिगत निमन्त्रणाको शक्ति भनेको विश्वासको त्यो पहिलो कदम के हो भनेर जान्नु हो जसले तिनीहरूलाई तिनीहरूका जीवनका निम्ति भएको परमेश्वरको बोलावटमा ल्याउँछ। अनि त्यहाँ एउटा चुनौती पनि हुन्छ। मलाई लाग्छ, येशूले पत्रुसलाई डुङ्गाबाट बाहिर निस्केर पानीमाथि हिँड्ने प्रोत्साहन दिनुहुँदा यही कुरा गरिरहनुभएको थियो। पत्रुस डुब्छन् भनी उहाँले जान्नुहुन्थ्यो, तर त्यसले कुनै फरक पार्दैनथ्यो। उहाँले तिनलाई आफ्नो विश्वासमा बढदै जाने चुनौती दिइरहनुभएको थियो।

अगुवाहरूको रूपमा हामीले झुण्डसँग मिलेर यही काम गर्नु आवश्यक छ। तर हामीले दर्शनका निम्ति येशूको व्यक्तिगत निमन्त्रणाको शक्तिको नमुना प्रयोग गर्नु आवश्यक छ, जसद्वारा तिनीहरूलाई विश्वासको एक कदम बढाउन सकून्। हामी तिनीहरूलाई सम्बन्धको आधारमा आमन्त्रित गर्छौं। हामीले तिनीहरूलाई हाम्रो समुदाय( सेवकाई)मा एक सामान्य सदस्यको रूपमा प्रयोग गर्नु अघि हामी वास्तवमा तिनीहरूको र तिनीहरूका बोलावट र तिनीहरूको सेवकाईको वास्ता गर्दछौं भनी तिनीहरू जान्दछन्। येशूले यो कुरा पत्रुस र चेलाहरूलाई भन्नुभयो।

उहाँले भन्नुहुन्छ, "तिमीहरूलाई थाहा छ? तिमीहरू अब मेरा सेवकहरू होइनौ। तिमीहरू अब मेरा मित्रहरू हौ।"

यो मानौं येशूले चेलाहरूलाई आफूसँग सामेल गराउनुको सट्टा, उहाँ तिनीहरूसँग सामेल हुनुभएको जस्तो थियो। अनि त्यो व्यक्तिगत निमन्त्रणाको शक्ति हो।

याद गर्नुहोस्, चेलापनमा सेवा गर्नु पनि सामेल छ। केवल बाइबल पढेर, प्रार्थना गरेर अनि असल जीवन बिताएर मात्रै कोही चेला बन्दैन। चेला हुनु भनेको सेवा गर्नु हो। धेरै मानिसहरूले कसरी सेवा गर्ने, कहाँ सेवा गर्ने, त्यो कस्तो देखिनेछ भनी जानेका हुँदैनन्। जब तिनीहरूले सेवा गरिरहेका देख्छन् तब त्यसलाई धार्मिक कर्तव्य वा दायित्वको रूपमा हेर्छन्। तिनीहरूलाई तपाईं जस्तो अगुवा चाहिन्छ जो येशू पत्रुसकहाँ आउनुभएझैं तिनीहरूकहाँ आउनेछ, जसले आफ्नो काम गराउन वा त्यो काम कसैलाई सुम्पन परेकोले सामान्य रूपमा बोलाउनेछैन।

तर यी मानिसहरूकहाँ आउनहुनेछ। येशूले तिनीहरूलाई देख्नुभयो। तिनीहरू को हुन् भनी उहाँले जान्नुभयो। उहाँले तिनीहरूलाई व्यक्तिगत निमन्त्रणा दिनुभयो। उहाँले तिनीहरूलाई विश्वासको पहिलो कार्य दिनुभयो जसमा तिनीहरू प्रवेश गर्न सक्थे। उहाँले तिनीहरूलाई केवल एउटा कार्यक्रममा मात्र होइन, एउटा उद्देश्यमा आमन्त्रित गर्नुभयो। अनि उहाँले यो सम्बन्धको आधारमा र व्यक्तिगत रूपमा गर्नुभयो। चेलाहरूको यो समूह, पहिले १२, त्यसपछि ११, त्यसपछि १२ जनाले संसारलाई पूर्ण रूपमा परिवर्तन गर्नेछन्।

आज अरबौं ख्रीष्टियनहरू छन्, किनकि २,०२५ वर्ष पहिले, १२ मानिसहरूले भने, "हो, हामी पछ्याउने छौं।"

तर तिनीहरूले व्यक्तिगत निमन्त्रणालाई पछ्याउने शक्तिको कारण त्यसो गरे। अनि येशूले त्यो कुरा तपाईं र मेरो लागि नमुनाको रूपमा दिनुहुन्छ। त्यसैले आफैलाई मूल्याङ्कन गर्नुहोस्। समीक्षा गर्नुहोस्। पहिलो कुरा, के तपाईं दर्शनको यो निमन्त्रणालाई दर्शनको हिस्साको रूपमा देख्नुहुन्छ? यदि तपाईंलाई सहकर्मीहरू आवश्यक पर्दैन भने पनि, यदि तपाईंलाई स्वयंसेवकहरू आवश्यक पर्दैन भने पनि, तपाईं अझै पनि यो चेलापनको मार्ग भएकोले के तपाईं मानिसहरूलाई दर्शनमा आमन्त्रित गर्दै हुनुहुन्छ? जब तपाईं मानिसहरूलाई आमन्त्रित गर्नुहुन्छ, के तपाईं नमुनाअनुसार गर्दै हुनुहुन्छ? के तपाईंले तिनीहरूका निम्ति विश्वासको एक कदम मात्र चाल्ने, त्यसपछि त्यसमा अगि बढदै आफ्नो विश्वासमा बढ्ने मौका दिंदै हुनुहुन्छ? के तपाईंले तिनीहरूलाई देख्दै हुनुहुन्छ? के तपाईं तिनीहरूलाई चिन्नुहुन्छ? येशूले गर्नुभेको कार्यमा एउटा उद्देश्य छ। उहाँले केवल, "जो आउन चाहन्छ, त्यहाँ पछाडि एउटा टेबल छ" मात्र भन्नुहुन्न। तर उहाँले मानिसहरूलाई चिन्नुहुन्छ र उहाँ मानिसहरूसँग संलग्न हुनुहुन्छ। अनि अगुवाहरूको रूपमा, जब हामी उहाँको नमुना, व्यक्तिगत निमन्त्रणाको शक्तिको अनुसरण गर्छौं र जब हामी हाम्रा अगुवाहरूलाई उहाँको नमुना, व्यक्तिगत निमन्त्रणाको शक्तिको अनुसरण गर्ने तालिम दिन्छौं, हामीलाई वास्तवमा ठूल्ठूला घोषणाहरू गर्नु आवश्यक पर्दैन। हामीलाई ठूलो संख्यामा मानिसहरू भर्ना गर्नुपर्दैन, किनकि यो एउटा संस्कृति हो र यो एउटा मूल्य-मान्यता हो, जुन हाम्रो सेवकाईमा व्याप्त हुन्छ। सबैका आँखाहरू खुला हुन्छन् र अर्को पत्रुसलाई खोजिरहेका हुन्छन्। सबैका आँखाहरू खुला हुन्छन् र व्यक्तिगत निमन्त्रणाको शक्ति दिइरहेका हुन्छन् र अर्को झुण्ड बन्दछ। अनि चेलाहरूझैं तपाईं र तपाईंको झुण्डले त्यो दर्शन पूरा गरेर, संसारलाई परिवर्तन गर्नुहुनेछ, किनकि तपाईंले व्यक्तिगत निमन्त्रणाको शक्तिद्वारा अरूलाई दर्शनमा आमन्त्रित गर्नुभएको हुन्छ।